# छाउनी स्थित राष्ट्रिय मुद्रा संग्रहालयको व्यवस्थापन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र संकाय
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व बिषयमा
स्नातकोत्तर उपाधिको आंशिक परिपुर्तिको
लागि प्रस्तुत

## शोधपत्र

प्रस्तोता

**बिन्द्रा श्रेष्ठ**

**रजिष्ट्रेशन नम्बर : ६-१-२७४-१३-२००४**

**नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभाग**
**त्रिभुवन विश्वविद्यालय**
कीर्तिपुर
२०७३

# प्राक्कथन

संग्रहालय मानव निर्मित वा प्राकृतिक रुपमा बनेका वस्तुहरुको संकलन तथा त्यसको संरक्षण गरी प्रदर्शन गरिने थलो वा संस्था हो । हरेक व्यक्तिलाई आफ्नो इतिहास र आफ्ना पुर्खाका बारेमा जान्ने जिज्ञासा हुन्छ र त्यस बारेमा जानकारी दिने माध्यम भनेको संग्रहालय नै हो । संग्रहालय आँखाको नानी हो, जसका माध्यमबाट कुनै मुलुकको विगत र वर्तमानलाई चियाउन सकिन्छ ।  सामान्यतया संग्रहालय भनेको त्यस्तो एउटा घर हो जहाँ प्राचीन, दुर्लभ तथा ऐतिहासिक एवं पुरातात्विक वस्तुहरु संग्रह गरी प्रदर्शन गरिएको हुन्छ ।

संग्रहालय कुनै पनि राष्ट्रको सामाजिक, शैक्षिक, साँस्कृतिक संवृद्धिको प्रमाण हो । यसले परम्परालाई ब्युझाउने , वर्तमानलाई प्रेरित गर्ने, साँस्कृतिक चेतना बढाउने काम गर्दछ । संग्रहालय आज संसार भरिनै पुरातात्विक वहुमूल्य वस्तुहरु संग्रहगर्ने केन्द्रको रुपमा तथा ति वस्तुका माध्यमबाट शिक्षा प्रदान गर्ने अनौपचारिक शिक्षा केन्द्रका रुपमा रहेको छ । यसलाई साँस्कृतिक, ऐतिहासिक, कला, पुरातत्व, सामाजिक परिवेश अथवा सम्पूर्ण सभ्यताको मेरुदण्डको रुपमा लिइन्छ ।

संग्रहालयको शुरुवात प्राचीन ग्रीसबाट ईशापूर्वका बर्षहरुमा भएको थियो । प्राचीन ग्रीसमा कलाको संरक्षिका एक देवीलाई “म्यूज”भन्ने चलन थियो । यिनै ग्रीक देवी र अन्य आठ वटी देवीहरु प्रतिष्ठापित गरिएको मन्दिरलाई पहिलो पटक “म्यूजियम”नामकरण गरिएको थियो । आरम्भमा शासक बर्गका केही शौखिन व्यक्तिहरुले प्राचीन कलात्मक बस्तुहरु संकलन गरेर आफ्नो कोठा सजाउने गर्दथे । समय क्रममा यस्ता प्राचिन दुर्लभ तथा वहुमूल्य वस्तुहरु अध्ययन तथा प्रदर्शन समेतको प्रयोजनको लागि सार्वजनिक संग्रहालयको स्थापना गर्ने लहर चल्यो । यूरोपमा सत्रौं शताव्दीको अन्त्यतिर संग्रहालय स्थापनाको परम्परा शुरु भएको थियो भने भारतीय उपमहाद्वीपमा सन १७८४ मा बंगालमा एशियाटिक सोसाइटीको गठन भएपछि संग्रहालयको सूत्रपात एवं बिकास भएको थियो ।

नेपालमा संग्रहालयको शुरुवात तत्कालिन राणा प्रधानमन्त्री चन्द्र शम्सेरले भीमसेन थापाको निवास स्थान रहेको छाउनी  शिलखानालाईृ संग्रहालयको प्रारम्भिक स्वरुप दिए पछि

भएको पाइन्छ । तर यो संग्रहालय राणा परिवार तथा उनीहरुका विशिष्ट पाहुनाहरुका लागी मात्र खुला रहेकोमा सन १९३८ मा आएर सर्वप्रथम यो संग्रहालय सर्वसाधारणका लागि समेत खुल्ला गरियो । जुद्ध शम्सेरले सन् १९४२मा संग्रहालयका लागि एउटा छुट्टै भवन बनाई सर्वसाधारणहरुको पहुँचमा संग्रहालयलाई पुऱ्याएका थिए ।

नेपालमा संग्रहालयलाई विशिष्टिकरण गर्ने क्रममा वि.स. २०१९ पौष ७ गते हनुमानढोका परिसर भित्र राष्ट्रिय मुद्रा संग्रहालय स्थापना भएको थियो । यसलाई वि.स.२०५० सालमा राष्ट्रिय संग्रहालय छाउनीमा स्थानान्तरण गरिएको थियो । यस संग्रहालयमा ईसापूर्व देखि हाल सम्मका विभिन्न मूल्य एवं तिथिक्रमका महत्वपूर्ण मुद्राहरुको संकलन, संरक्षण र प्रदर्शन गरिएका छन् । नेपाली ईतिहास, सभ्यता र संस्कृतिको अध्यायन र अन्वेषणका लागी यि संग्रहित मुद्राले महत्वपूर्ण योगदान दिएको छ । यसैले भावी पुस्ताको लागी समेत उपयोगी हुने गरी यस संग्रहालयको वैज्ञानिक व्यवस्थापन गर्नु आजको आवश्यकता रहेको छ । यसैले राष्ट्रिय मुद्रा संग्रहालयमा रहेको कमिकमजोरीहरु पहिचान गरी यसको व्यवस्थपनमा सहयोग पुर्याउनु यस शोध पत्रको उदेश्य रहेको छ ।

शोधकर्ता
बिन्द्रा श्रेष्ठ
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रिय विभाग
कीर्तिपुर

# कृतज्ञता

**छाउनी स्थित राष्ट्रिय मुद्रा संग्रहालय व्यवस्थापन,** शीर्षकमा शोधपत्र तयार गरी त्रिभूवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागमा, स्नातकोत्तर तह दोस्रो वर्षको शोधपत्रका प्रयोजनार्थ पेश गर्ने अबसर प्राप्त गर्नु मेरा लागी गौरबको विषय हो ।

उर्पयूक्त शीर्षकको शोधपत्र तयारीको लागी आदरणीय गुरु डा.महेश आचार्यज्यू शोध निर्देशक तोकिनु भएकोमा निजकै प्रत्यक्ष निर्देशनमा रहेर यस शोधपत्रको तयारी गरेको छु । शोधपत्र तयारीको क्रममा शोधपत्रको रुपरेखा निर्माण देखि सामाग्री संकलन र विश्लेषणका क्रममा आवश्यक सल्लाह सुझाव र अमूल्य समय प्रदान गरेर समुचित निर्देशन र उत्साहबर्द्धक प्रेरणा प्रदान गर्नुहुने शोधनिर्देशक आदरणीय गुरु डा. महेश आचार्यज्यू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । साथै उर्पयूक्त शीर्षकको शोध प्रस्ताव स्वीकृत गरि शोध अनुसन्धानको अवसर प्रदान गर्नु हुने नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागका विभागीय प्रमुख प्राध्यापक सावित्री मैनालीज्यू प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

शोधपत्रको विषय वस्तु राष्ट्रिय मुद्रा संग्रहालय व्यवस्थापन सम्बन्धमा अध्ययन, अनुसन्धान र अवलोकन गर्ने महत्वपूर्ण अवसर प्रदान गर्नुका साथै सो सम्बन्धमा महत्वपूर्ण तथ्याङ्क, सूचना र जानकारी उपलब्ध गराई शोधकार्यमा सहयोग गर्नुहुने राष्ट्रिय मुद्रा संग्रहालय प्रमुख शारदा शिवाकोटी, स्टोर किपर (जिन्सीप्रमुख) सरिता सुवेदीलगायत सम्पूर्ण संग्रहालय परिवार प्रति आभार प्रकट गर्दछु ।

शोध अनुसन्धानको लागी आवश्यक पर्ने पुस्तक र पत्रपत्रिका उपलब्ध गराई दिने केन्द्रिय पुस्तकालय किर्तिपुर, नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागको पुस्तकालय र राष्ट्रिय संग्रहालयको पुस्तकालय र सो मा कार्यरत कर्मचारी प्रति पनि आभारी छु ।

यस नेपाली इतिहास, संस्कृति तथा पुरातत्व केन्द्रिय विभागमा स्नाकोत्तर प्रथम वर्षमा भर्ना भई अध्ययनको थालनी देखि यस शोधपत्र लेखन सम्म निरन्तर हौसला, उत्साह र प्रेरणा

प्रदान गर्नु हुने आदरणीय गुरुआमाहरु वीणा पौड्याल, मालामल्ल, निर्मला पोखरेल र पुनम् राणा साथै आदरणीय गुरुहरु धनबहादुर कुँवर, डिल्ली ओली, ध्रुव क्षेत्री, मदन रिमाल, पशुपति न्यौपाने र प्रेम लामा साथै यस विभागका कर्मचारीहरु धर्म, इन्द्रा, पुरुषोत्तम, गम्भिर, भोटु र नन्दमाया प्रति कृतज्ञता ज्ञापन गर्दछु ।

अन्त्यमा मेरा आत्मियमित्रहरु कविता, स्वस्ती, सविना, विश्वमणी, सागर, क्षेत्र र रञ्जनलाई धन्यवाद दिन चाहन्छु । प्रस्तुत शोधपत्र लेखन कार्यमा सहयोग लिइएका विभिन्न पुस्तक तथा पत्रपत्रिकाका लेखन कार्यमा सहयोग लिइएका विभिन्न पुस्तक तथा पत्रपत्रिकाका लेखन, सम्पादन एवं प्रकाशकहरु प्रति आभार व्यक्त गर्दछु । प्रस्तुत शोधपत्र लेखनमा उत्साह एवं हौसला दिनुहुने मेरो श्रीमान बुद्धिलाल श्रेष्ठ र लेखन कार्यको मर्मलाई बुझि अनुशासित एवं शालीन व्यवहार प्रदर्शन गर्ने छोरा दिक्षान्त श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु ।

शोधकर्ता
बिन्द्रा श्रेष्ठ
नेपाली इतिहास, संस्कृति तथा पुरातत्व
केन्द्रिय विभाग
कीर्तिपुर

# विषय - सूचि

प्राक्कथन i

कृतज्ञता iii

परिशिष्ट v

संक्षिप्त शब्दावली vi

विषय सूचि vii

परिच्छेद – १

## शोध परिचय

१.१ परिचय १

१.२ समस्याकथन ३

१.३ अध्ययनको उद्देश्य ३

१.४ अध्ययनको महत्व ४

१.५ अध्ययनको सीमा ४

१.६ अध्ययन विधि ४

१.७ तथ्याङ्क संकलन विधि ४

१.८ पूर्वसाहित्य समीक्षा ५

१.९ अध्याय विभाजन ७

परिच्छेद – दुई

## मुद्रा संग्रहालयको अवधारणा र विकास

२.१ परिचय ८

२.२ मुद्रा संग्रहालयको उत्पति र विकास ८

२.३. विश्वमा मुद्रा संग्रहालयको विकास १०

२.४ संग्रहालयको कार्य ११

२.४.१ संग्रह १२

२.४.२ पंजीकरण अथवा अभिलेखिकरण १५
२.४.३ संरक्षण एवं सुरक्षा २१
२.४.३.१ संरक्षणको लागी सामाग्रीको वर्गीकरण २३
२.४.४ सफाई एवं मर्मत २४
२.४.५ प्रदर्शनी २६
२.४.५.१ संग्रहालय प्रदर्शनीका आवश्यक तत्वहरु २७
२.४.६ शिक्षा, अनुसन्धान र प्रकाशन २९
२.५ संग्रहालयमा मुद्राको प्रर्दशन ३०
२.५.१ संग्रहालयमा मुद्रा प्रदर्शनीको तरिका ३१
२.५.२ संग्रालयमा मुद्राको सफाई र संरक्षण ३२
२.६ प्रकाश व्यवस्था ३३
२.६.१ कृत्रिम प्रकाशको व्यवस्थापन विधि ३५
२.६.२ संग्रहालयमा प्रकाशको प्रभाव ३६
२.६.३ प्रकाशको कारणले वस्तुको क्षय र यसबाट बचाउने उपायहरु ३७

परिच्छेद – ३

## राष्ट्रिय मुद्रा सग्रहालय

३.१ संग्रहालयको ऐतिहासिक विकास ३९
३.२ संग्रहालयको प्रकार ४३
३.३ नेपालमा स्थापना भएका संग्रहालयहरु ४७
३.३.१. राष्ट्रिय संग्रहालय ४७
३.३.२ क्षेत्रिय संग्रहालय ५५
३.३.३ निजि संग्रहालय ५६
३.४ राष्ट्रिय मुद्रा संग्रहालयको स्थापना ५७
३.५ राष्ट्रिय मुद्रा संग्रहालयमा प्रदर्शनीमा रहेका मुद्राहरु ५८

परिच्छेद : चार

## राष्ट्रिय मुद्रा संग्रहालयको व्यवस्थापन


४.१ परिचय ६३
४.२ संग्रहालय व्यवस्थापनको क्षेत्रहरु ६४
४.२.१ संग्रह व्यवस्थापन ६४
४.२.२ अभिलेखीकरण वा पंजिकरण व्यवस्थापन ६५
४.२.३ संरक्षण एवं सुरक्षा व्यवस्थापन ६७
४.२.४ प्रकाश व्यवस्थापन ६८
४.२.५ प्रदर्शनी व्यवस्थापन ६९
४.२.६ भौतिक व्यवस्थापन ७५
४.२.७ कर्मचारी व्यवस्थापन ७७
४.३ नेपालको इतिहास, धर्म, र संस्कृतिको अध्ययनमा राष्ट्रिय मुद्रा संग्रहालयको योगदान ७९


परिच्छेद – ५

## निष्कर्ष र सुझाव


५.१ निष्कर्ष ८५
५.२ सुझाव ८९
सन्दर्भ सामाग्रीहरु
परिशिष्ट

# परिशिष्ट

परिशिष्ट – (क) अन्तरवार्ताको लागी तयार पारीएका प्रश्नहरु

परिशिष्ट – (ख) राष्ट्रिय मुद्रा संग्रहालयको कर्मचारी अवस्था

# संक्षिप्त शब्दावली

ICOM - International Council of Museums

Nema- Nepal meseology association